# गाउँ सभाको १८ औ अधिवेसनमा गाउँपालिका अध्यक्ष श्री शेर बहादुर सुनुवारद्धारा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को उमाकुण्ड गाउँपालिकाको नीति तथा कार्यक्रम



उमाकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

१० असार, २०८२

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचनामा तीन तहको सरकारले संविधान र कानून बमोजिम तीनै तहले राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरे बमोजिम स्थानीय सरकारको हैसियतमा आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा नीति, योजना र कानून बनाउने र त्यसको कार्यान्वयन गर्ने अधिकार प्राप्त भएको छ ।त्यसैको जगमा उमाकुण्ड गाउँसभाको गरिमामय १८ औ गाउँसभा अधिवेसनमा गाउँपालिका अध्यक्षको हैसियतले नवौ पटक गाउँपालिकाको समृद्धिको आधारको खोजी गरि नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको महसुस गरेको छु ।

यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि नेपाली जनताले पटक–पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, १९ दिने ऐतिहासिक जनआन्दोलन २, सशस्त्र जनसंघर्ष, लगाएत नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान, राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान वीर शहीदहरु प्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, घाइते, अपाङ्ग, बेपत्ता योद्धाहरुको त्याग, तपस्या र बलिदान तथा अग्रजहरुको अतुलनीय योगदान प्रति उच्च सम्मान प्रकट गर्दछु।

जनताको सबैभन्दा नजिकको सरकारको हैसियतले नेपालको संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण र हामीले

अपनाएको परिपूर्ण लोकतन्त्र बमोजिम जनआकांक्षा र आवश्यकतालाई सम्बोधन तथा लोकतन्त्रका लाभहरु वितरण गर्न उमाकुण्ड  गाउँपालिका जिम्मेवार र प्रतिवद्ध छ।

उमाकुण्ड गाउँपालिकालाई नेपालका सबै स्थानीय तहहरुमध्येको नमूना गाउँपालिकाको रुपमा परिचित गराउने जिम्मेवारी र चुनौति हामी बीचमा छ। राष्ट्रिय र प्रादेशिक प्राथमिकता, आवधिक योजना, नागरिक समक्ष गरिएका प्रतिवद्धताका आधारमा गाउँपालिकाको समृद्धि र समुन्नतिका लागि एकीकृत गुरुयोजना र पालिकाको आवधिक योजनाले निर्दिष्ट गरेको दीर्घकालीन सोँच, लक्ष्य र उद्देश्य प्राप्तिमा गाउँपालिका प्रतिवद्ध र केन्द्रित छ।

जस्तोसुकै परिस्थितिमा आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसर उपलब्ध गराई सुरक्षित र सचेत एवं समुन्नत र सुसंस्कृत समाज निर्माण गर्न गाउँपालिका दृढ छ।

सीमित साधन स्रोत र जनशक्ति उपलब्धताका वाबजुद पनि सन्तोषजनक कार्यसम्पादन भइरहेको छ। गुणस्तरीय सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण, सचेत समाज निर्माण, विकासको छनौट, कार्यान्वयन र वितरण लगायत हरेक तहमा हरेकको अर्थपूर्ण सहभागिता र सुशासन प्रवर्द्धनमा उमाकुण्ड गाउँपालिका प्रतिवद्ध छ।

देश सङ्घीय संरचनामा गइ स्थानीय तह निर्वाचन भएको यो अवधिमा आर्थिक, सामाजिक, पूर्वाधार तथा संस्थागत संरचना निर्माणमा क्षेत्रगत रुपमा आधार तय भएका छन्। पूर्वाधार विकासतर्फ सडकलाई मुख्य सडक, सहायक सडकमा विभाजन गरी संघ तथा प्रदेश सरकारसँगको समन्वयमा गाउँपालिकाको करिव ९५ प्रतिशत वस्तीहरु सडक सञ्जालमा जोडिएका छन् । आगामी दिनहरुमा सडक गुरुयोजनाले निर्दिष्ट गरे बमोजिम बाँकी

बस्तिहरूलाई सडक सञ्जालमा जोड्ने र सडकहरुको स्तरोन्नति गरी बाह्रै महिना यातायात चल्ने अवस्थाको सुनिश्चित गर्नुपर्नेछ ।

शासकीय प्रबन्ध, सेवा प्रवाह र विकास निर्माणका लागि गाउँपालिकाको जिम्मेवारी र क्षेत्राधिकारभित्र रही ऐन, नियम, निर्देशिका, कार्यविधि तयार भएका छन् । अबको बाटो तिनको प्रभावकारी कार्यान्वयन महत्वपूर्ण हुनेछ । नियमित कार्यसम्पादन तथा सेवा प्रवाहका लागि पूर्ण पदपूर्ति नभए पनि उपलब्ध जनशक्तिलाई दक्ष, सीपयुक्त र कार्य जिम्मेवारीप्रति समर्पित बनाउन जोड दिनुपर्नेछ।विकास भनेको भौतिक विकास मात्र हैन, चेतनाको विकास, न्यायपुर्ण र विभेद रहित समाज निर्माण र सुशासन कायम गर्नु पनि हाम्रो प्रमुख जिम्मेवारी हो ।

नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त, समपुरक तथा विशेष अनुदानमा सञ्चालित आयोजना तथा कार्यक्रमले पालिकाबासीको आर्थिक तथा सामाजिक विकासको माध्ययमबाट जीवनस्तर माथि उकास्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएको छु।

पालिकामा उपलब्ध प्राकृतिक तथा मानवीय लगायत सबै प्रकारका स्रोत तथा साधनको कुशलतापूर्वक परिचालन र उपयोग गर्दै सुशासन, विकास र समृद्धिमार्फत नागरिकको जीवनस्तरमा सकारात्मक एवं गुणात्मक परिवर्तन ल्याउने ध्येयका साथ हामी त्यसैमा केन्द्रित छौं। विगतको अनुभव र सिकाई, वर्तमानको आधार र उत्प्रेरणाले भविष्य सुनौलो बनाउन सहयोगी हुने विश्वास मैले लिएको छु।

**सभाका सदस्यज्यूहरु**

अब म नेपालको संविधान र प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय आकांक्षा, दिगो विकास लक्ष्य, नेपाल सरकार, प्रदेश सरकार र उमाकुण्ड गाउँपालिकाले तय गरेको दीर्घकालीन सोंच, नीति, योजना र लक्ष्यका साथै

गाउँपालिकाको वर्तमान परिस्थितिलाई ध्यानमा राखी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।

१. आगामी आर्थिक वर्षमा आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि, सामाजिक विकास, मानव पूँजी निर्माण र रोजगारी सिर्जना, दिगो विकास लक्ष्यमा उल्लेख्य उपलब्धि हासिल, अन्तर आबद्धतामा आधारित पूर्वाधार निर्माण, पर्यावरणीय सन्तुलन, सुरक्षित खानेपानी तथा सरसफाई, गुणस्तरीय सेवा प्रवाह, संघीयताको प्रभावकारी कार्यान्वयन र सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राखिनेछ ।
२. विगतमा हासिल गरेको उपलब्धि र अनुभव तथा पृष्ठपोषणका आधारमा तत्काल महसुस हुने र दीर्घकालमा उल्लेखनीय उपलब्धि हासिल हुने गरी योजना तथा कार्यक्रमहरुलाई पुन प्राथमिकीरण गरी प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पूर्वाधार निर्माणमा जोड दिइनेछ।
३. गाउँपालिकाद्वारा सञ्चालित अस्पतालको सुदृढीकरण, स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण तथा संस्थागत प्रणालीमा थप सुदृढिकरण गर्दै स्वास्थ्य संस्थाहरुमा औषधी, उपकरण, द्रुत टिम, स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्था तथा परिचालन र आवश्यकतानुसार सेवा इकाई विस्तार गरी आम गाउँपालिकाबासीको स्वास्थ्य सुविधा पहुँचमा विशेष जोड दिइनेछ।
४. आधारभुत तथा गुणस्तरिय स्वास्थ्य सेवामा सवै नागरिकको पहुँचको सुनिश्चित गरिनेछ । सवै नागरिकलाई टोलटोलमा गई प्रत्येक्ष स्वास्थ्यकर्मीहरुको उपस्थितिमा अध्यक्षसँग जनता स्वास्थ्य परिक्षण कार्यक्रम सञ्चालन गरी नसर्ने रोगहरुको पहिचान गरी उचित

कार्यक्रमहरुको कार्यन्वयन गरिनेछ । विद्यालय स्वास्थ्य परिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्वास्थ्य सेवासँग सम्वन्धित निशुल्क वाहेकका अन्य औषधी तथा सामाग्रीहरु प्रत्येक स्वास्थ्य संस्थामा व्यवस्थापन गरि सेवाग्राहीहरुलाई आवश्यकता अनुसार सहुलियतमा वितरण गरिनेछ ।

५. निःशुल्क आधारभुत स्वास्थ्य सेवामा आम उमाकुण्ड वासीहरुको सुलभ र सरल पहुँचको सुनिश्चित गर्दै स्वास्थ्य सेवालाई थप गुणस्तरिय तथा प्रभावकारी वनाउन स्वास्थ्य संस्थाहरुमा थप औषधी ,उपकरण, सामाग्रीहरु, ल्याव सेवा तथा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

६. प्रत्येक स्वास्थ्य संस्थाहरुमा स्तरिय उपचार सेवा प्रदान गर्न अक्सिजन सहितको २ वेड व्यवस्थापन गरिनेछ ।

७. गाँउपालिका स्तरिय खोप भण्डारण कक्ष तथा खोप भण्डारणका लागि छुट्टै कर्मचारीको व्यवस्थापनलाई निरन्तरता गरी नियमित खोपलाई निरन्तरता दिदै, धनुष्टङकार रोगबाट वचाउन , रेविज रोगवाट वचाउन उमाकुण्ड गाँउपालिकाको आम नागरिकहरुलाई आवश्यकता अनुसार निशुल्क खोपको व्यवस्थापनलाई निरन्तरता दिईनेछ । साथै गुणस्तरिय खोप सेवा तथा उचिच खोप भण्डारणका लागि आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरुमा आई एल आर फ्रिजको व्यवस्थापन गरिनेछ ।

८. स्वास्थ्य संस्थामा कार्यरत सम्पुर्ण कर्मचारीहरुलाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. ग्रामिण अल्ट्रासाउण्ड सेवालाई थप प्रभावकारी वनाउदै सवै स्वास्थ्य संस्थामा सेवा विस्तार गरिनेछ ।

१०. मानसिक स्वास्थ्य सेवालाई प्रभावकारी वनाउदै मानसिक रोगका लागि आवश्यक औषधी तथा मनोपरामर्श सेवाको सुनिश्चित गर्दै विभिन्न कार्यक्रहरु सञ्चालन गरिनेछ ।

११. स्वास्थ्य सेवा प्रदायकको लागि विभिन्न स्वास्थ्य संग सम्वन्धित तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्दै गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न पालिका स्तरिय स्वास्थ्य स्किल ल्यावको व्यवस्थापन गरिनेछ ।

१२. उमाकुण्ड गाँउपालिकाको आम गर्भवती र सुत्केरी महिला तथा सुनौलो हजार दिन वालवालिका लक्षित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१३. एक वडा एक स्वास्थ्य चौकीको अवधारणालाई अनुसरन गर्दै स्वास्थ्य चौकी नभएका वडाहरुमा स्वास्थ्य चौकी व्यवस्थापनका लागि प्रक्रिया अगाडि बढाईनेछ।

१४. एक गाँउ एक डाक्टरको अवधारणालाई अवलम्वन गर्दै पालिका स्तरिय एम वि वि एस अध्ययन छात्रवृत्ति कोटा सिर्जनाको लागि प्रक्रिया अगाडि बढाईनेछ ।

१५. महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविका लक्षित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६. स्वास्थ्य विमा कार्यक्रमलाई प्रथमिकता दिदै उमाकुण्ड गाँउपालिकाको आम नागरिकलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गराइनेछ ।

१७. प्रत्येक स्वास्थ्य संस्थाहरुवाट निस्कने फोहोर मैलाको उचित व्यवस्थापन गरिनेछ ।

१८. उमाकुण्ड गाँउपालिका अन्तर्गतको सम्पुर्ण क्षेत्रको खानेपानीको स्वच्छता जाँचलाई निरन्तरता दिदैं अझ प्रभावकारी क्रियाकलापहरु गरिनेछ ।

१९. प्रत्येक स्वास्थ्य संस्थाहरुमा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गर्नका लागि मोटरवाईकको व्यवस्था गरिनेछ ।

२०. स्वास्थ्य संस्थावाट प्रदान गरिने सम्पुर्ण सेवा तथा क्रियाकलापहरुलाई जवाफदेहि वनाउन सवै स्वास्थ्य संस्थाहरुमा प्रत्येक वर्ष सामाजिक, लेखा परिक्षण गरिनेछ ।

२१. आधारभुत अस्पताललाई थप व्यवस्थित तथा सुदृढिकरण गरी स्वास्थ्य सेवा प्रवाहलाई अझ व्यवस्थित गरिनेछ ।

२२. अपाङ्गता भएका वालवालिका तथा नागरिकको पहिचानका लागि शिविर सञ्चालन गरी आवश्यक सेवाका पहल गरिनेछ ।

२३. पोषण संवेदनशिल क्षेत्रमा विषेश जोड दिई आम नागरिकहरुको असल खानपान लगाएत व्यवहार परिपर्तनका असल अभ्यासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२४. २२.योग ध्यान अभ्यासलाई प्राथमिकता दिदै सम्पुर्ण नागरिक सरोकारवालाहरुलाई योग ध्यान अभ्यासमा आवद्ध गराईनेछ।

२५. स्वास्थ्य संस्थाहरुलाई न्यूनतम सेवा मापदण्डको प्रगतिको आधारमा दण्ड, पुरस्कार र सुदृढीकरणको नीति लिइनेछ । स्वास्थ्य पूर्वाधार, पोषण सुधार, स्वास्थ्य सेवा प्रवर्द्धनमा जोड दिनुका साथै स्वास्थ्य जोखिम हस्तान्तरणका लागि सङ्घीय सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा स्वास्थ्य बीमा कार्यक्रमलाई सहज, सरल र

थप प्रभावकारी बनाई स्वास्थ्य बीमायुक्त पालिका निर्माणमा जोड दिइनेछ ।

२६. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँचको सुनिश्चितताका लागि गुणस्तरीय स्वास्थ्य सम्बन्धी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमलाई कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकार र अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

२७. स्वास्थ्य संस्थाहरु मार्फत प्रवाह हुने सबै सेवाहरुलाई सबैको सहज पहुँच, अधिकतम जानकारी र अभिलेखीकरण, अनुगमन तथा मूल्याङ्कनलाई जोड दिइनेछ। महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह मार्फत गाउँ टोलसम्म स्वास्थ्य सेवा र परामर्श सम्बन्धी कार्यक्रमलाई विस्तार गरी अभिलेखीकरण र प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२८. संस्थागत सुत्केरी सेवालाई थप प्रभावकारी बनाउन उपाध्यक्ष सँग सुत्करी भेट कार्यक्रमलाई निरन्तरता दिइ संस्थागत प्रसूति दर वृद्धि गरी गर्भवती र सुत्केरी आमाको मृत्युदरलाई शून्य पार्न विगतमा अपनाइएको नीति तथा कार्यक्रमलाई निरन्तरता दिँदै प्रसूति चेकजाँच र रेफरका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ। अति विपन्न तथा घाइते व्यक्तिको उपचार सहायताका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय सिफारिसका साथै निःशुल्क एम्बुलेन्स सेवा तथा उपचार सहायताका व्यवस्था मिलाइने छ ।

**गाउँसभा सदस्यज्यूहरु,**

२९. गाउँपालिका भित्रका बालिका, अपाङ्गता तथा सीमान्तकृत र जोखिममा रहेका बालबालिकाको शिक्षा, सुरक्षा र संरक्षणका अधिकारहरूलाई प्रवर्द्धन गर्न, अनिवार्य र निःशुल्क शिक्षा सम्बन्धि कानुनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गरी बालबालिकाले सामना गरिरहेका शैक्षिक अवरोधहरूको सम्बोधन गर्न तथा सिकाइलाई दिगो रुपमा जीवनपर्यन्त बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

३०. गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाको सिकाइको वास्तविक अवस्था पहिचानको लागि सिकाइ उपलब्धि मापन परीक्षा र प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम संचालन गरिनेछ ।

३१. लिडर माध्यमिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई परिचालन गरी शैक्षिक सुधारको लागि विद्यालय तहबाट नै समस्या समाधानमा आधारित सिकाई कार्यक्रम संचालन गरिनेछ।

३२. आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ५ र ८ को परीक्षा र मूल्याङ्ककन प्रणालीलाई अझ व्यवस्थित र मर्यादित बनाउन छुट्टै परीक्षा केन्द्र कायम गरी परीक्षा संचालन गरिनेछ । विद्यालयस्तरीय परीक्षा र मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

३३. विद्यालयका व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धी अभिवृद्धिका लागि प्रधानाध्यापकसँग कार्यसम्पादन करार कार्यलाई

निरन्तरता दिईनेछ र शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीहरूले हासिल गरेको सिकाई उपलब्धीसँग आवद्ध गराई कार्यसम्पादनमा आधारित पुरस्कार र प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ ।

३४. गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूमा आवश्यकता र औचित्यताको आधारमा दरवन्दी मिलान, विद्यालय समायोजन, तह घटुवा, कक्षा घटाउने, विद्यालय गाभ्ने, विषयगत, कक्षागत र न्यूनतम विद्यार्थी शिक्षक अनुपात कायम गर्न एक विशेष कार्यदल गठन गरी कार्य प्रारम्भ गरिनेछ ।

३५. विद्यालय नर्स नभएको माध्यमिक विद्यालयमा गाउँपालिका अनुदानमा अनमी राख्ने व्यवस्था मिलाई सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

३६. गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कक्षा ६ देखि माथिका कक्षामा अध्ययनरत विद्यार्थीलाई करिअर काउन्सिल कार्यक्रम सञ्चालन गरिनेछ। अभिभावकलाई आफ्नो बालबालिकाको शिक्षा प्रति जगरुक बनाउन विद्यालय अभिभावकबीच संचार कार्यक्रम संचालन गरिनेछ ।

३७. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी बाल सामाजिक तथा वित्तिय साक्षरता कार्यक्रम सँगसँगै विद्यालय मुद्धति बचत कोष कार्यक्रम संचालन गरिनेछ ।

३८. सामुदायिक विद्यालयमा अतिरिक्त तथा सह क्रियाकलापलाई बालबालिकाको सर्वाङ्गीन विकासको मेरुदण्डको रुपमा लिई बालबालिकासँग जनप्रतिनिधि कार्यक्रम संचालन गरिनेछ।

३९. विद्यालयमा अध्ययनरत कमजोर विद्यार्थीहरुको सिकाइ सुधार गर्न विद्यालयमा नै उपचारात्मक तथा सुधारात्मक कक्षाहरु संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४०. गाउँपालिकाले कक्षा ६ देखि १२ सम्म अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुलाई अभिभावकको साझेदारीमा दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्थानीय उत्पादनमा आधारित स्वस्थकर तथा पोषणयुक्त खाजा कार्यक्रम विद्यालयमा लागू गर्न सरस्वती पूजाको दिन प्रत्येक माध्यमिक विद्यालयमा फिडर विद्यालयको सहभागिता हुने गरी कल्चरल फुड फेस्टिबल कार्यक्रम आयोजना गर्ने व्यवस्था मिलाइनेछ ।

४१. सिद्धेश्वर शिक्षा पब्लिक क्याम्पस र गाउँपालिका भित्रको सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुमा प्रविधिमैत्री सीप विकास गर्न क्षमता विकासका तालिमहरु सचालन डिजिटल माध्यमबाट पठनपाठन हुने व्यवस्था मिलाइनेछ ।

४२. विद्यालयमा अध्ययनरत बालबालिकामा वैज्ञानिक सोच, आविष्कार र नवप्रर्वतन क्षमताको सीप विकास गराउन वडास्तरीय र

गाउँपालिकास्तरीय बृहत विज्ञान तथ गणित प्रर्दशनी कार्यक्रम आयोजना गरी सिकाइ मेलाको रुपमा संचालन गरिनेछ ।

४३. गाउँपालिका भित्रको युवालाई स्वरोजगार बनाई जिविकोपार्जमा सहयोग पुऱ्याउन र रोजगारका अवसर सिर्जना गर्न विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरी सीपमूलक तालिम संचालन गरिनेछ ।

४४. गाउँपालिका भित्रको युवाहरुलाई लक्षित गरी लोक सेवा तर्फ सहायकस्तर पाँचौं तथा शिक्षक सेवा आयोग तर्फ प्रथामिक तहको तयारी कक्षा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

४५. स्थानीय स्काउट मार्फत युवामा असल आचरण, स्वावलम्बन र स्वयंसेवी भावनाको विकास गर्दै सामाजिक तथा मानवीय सेवा र विपद् व्यवस्थापन जस्ता क्षेतमा परिचालन गरिनेछ ।

४६. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिँदै गाउँपालिकाको एक महत्वपूर्ण खेलकुद उत्सवको रुपमा मनाइनेछ ।

४७. उमाकुण्ड गाउँपालिकाको माध्यमिक विद्यालयहरुमा मार्सल आर्ट तर्फको कराँते, तेक्वान्दो र उसु खेल संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

४८. माध्यमिक विद्यालयमा अध्ययनरत बालबालिकालाई भलिबल, कबड्डी र एथलेक्सि खेलको प्रशिक्षण गराउन विद्यालयमा कार्यरत शिक्षकहरुमध्येबाट खेलकुद शिक्षक छनोट गरी तालिमको व्यवस्था गरिनेछ ।

४९. गाउँपालिकाले संचालन गर्दै आइरहेको उमाकुण्ड लिग फुटबल र भलिबल खेलकुद प्रतियोगिता संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

५०. गाउँपालिकाको सबै वडालाई जडित हुने गरी विभिन्न संघसंस्था र खेलकुद निकायसँग सहकार्य गरी गाउँपालिकाभित्र पर्यटन प्रवद्र्धन समेत हुने गरी आल्ट्र म्यारथुन दौड प्रतियोगिता संचालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

५१. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी भई पदक विजेता खेलाडी र स्थानीय तहको उदायमान खेलाडीहरुलाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

५२. आधारभूत तहमा अध्ययनरत बालबालिकालाई खेलकुद क्षेत्रसँग आकर्षिक गराउन प्रत्येक वडामा चिल्ड्रेन च्याम्प्स खेलकुद कार्यक्रम संचालन गरिनेछ ।

५३. भुजी लीग फुटबल प्रतियोगिता नियमित सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

**गाउँसभा सदस्यज्यूहरु,**

५४. कृषिमा विविधीकरण, व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गरिनेछ । खाद्य सुरक्षा र खाद्य संप्रभूताको मान्यता अनुरुप उत्पादक र उपभोक्ताको अधिकार सुनिश्चित गर्न आवश्यक नीतिगत व्यवस्था गरी दिगो उत्पादन, उत्पादन प्रोत्साहन,

भण्डारण तथा प्रभावकारी वितरणको व्यवस्था मिलाइनेछ। पालिकाको कृषि तथा पशुपंक्षी नीति तर्जुमामा जोड दिइनेछ ।

५५. कृषक सूचीकरण कार्यक्रम मार्फत कृषक पहिचान तथा वर्गीकरण गरी अनुदान सम्बन्धी मापदण्डका आधारमा रैथाने बीउ, उन्नत बीउ, तरकारी किट बीऊ, कृषि औजार, यन्त्र तथा प्रविधिहरु उपलब्ध गराइनेछ।

५६. एक घर एक करेसाबारी कार्यक्रम मार्फत कृषि र पोषणलाई सँगसँगै जोड दिनुका साथै हरेक वडामा तरकारी खेती, फलफूल खेती, विद्यालय नर्सरी तथा करेसाबारी निर्माण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५७. गाउँपालिका र बाँझो जग्गामा खेती गर्न चाहने व्यक्ति वा समूह बीच करार सम्झौता गरी भूमीलाइ स्थानीय अनुकूलतामा कार्यान्वन गर्ने गरी बाँझो र पाखो जग्गालाई अधिकतम उपयोग गर्ने नीति लिई कृषि र वन विकास कार्यक्रममार्फत स्वदेशमै श्रम र स्वदेशमै लगानीको अवसर सिर्जना गरिनेछ। बाँझो जग्गामा व्यासायिक खेती गर्न प्रेरित गरी अनुदान सहयोग उपलब्ध गराइनेछ।

५८. स्थानीय उत्पादनको बजारीकरण तथा स्थानीय उत्पादन उपभोगको संस्कृति विकास गर्न कृषि उपज संकलन केन्द्र निर्माण तथा हाट बजार सञ्चालनमा जोड दिइनेछ ।

५९. माटो परीक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा माटो सुहाउँदो बाली लगाउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

६०. गाउँपालिकास्तरीय अगुवा कृषक सञ्जाल गठन गरी गाउँपालिकामा कृषकका अनुभव आदान प्रदान र छलफल चौतारीको

रुपमा विकास गरिनेछ। इच्छुक अनुभवी कृषकहरुलाई आवश्यकतानुसार स्वयंसेवकको रुपमा परिचालन गरिनेछ।

६१. कृषक क्षमता अभिवृद्धिका लागि व्यवहारिक र उद्यमशीलता केन्द्रित तालिम कार्यक्रममार्फत उत्पादन, आय आर्जन, बाली विकास र व्यवसायीकरणमा जोड दिइनेछ ।

६२. कृषकको समय बचतका लागि प्रत्येक वडामा नेपियर घाँस स्रोत केन्द्र, गाउँ गाउँमा हिउँदे एवं वर्षे घाँसबाली र डाले घाँस प्रवर्दनमा जोड दिइ पोषणयुक्त पशु आहार निर्माण सम्बन्धी तालिम प्रदान गरिनेछ। व्यवसायिक पशुपालनका लागि भकारो सुधार, आहारको सुधारजस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६३. साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिंदै पशु नश्ल सुधार, उन्नत पशु व्यवसाय प्रवर्द्धनमा जोड दिइनेछ ।

गाउँसभा सदस्यज्यू,

६४. उमाकुण्ड गाउँपालिका भित्र लघु घरेलु तथा साना उद्योगहरुको प्रवद्र्धनका लागि लगानी मैत्री वातावरण तयार गरिनेछ, जसवाट गाउँपालिका भित्र विभिन्न किसिमका उद्योग व्यवसायहरु सञ्चालनमा आई स्थानीय श्रोत तथा साधनहरुको समुचित परिचान गरी स्थानीय स्तरमा रोजगारीको सृजना गर्न उद्योगहरुसँग सार्वजनिक निजी साझेदारी मोडलको अवलम्वन गरिनेछ ।

६५. गाउँपालिकाभित्र रहेका लघु, घरेलु तथा साना उद्योगहरुको अवस्था पहिचान र विश्लेषण गरी आवश्यकताका आधारमा स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ । जसवाट स्थानीय स्तरमा सञ्चालनमा

रहेका उद्यमहरुको विकास तथा विस्तार भई उत्पादनमा बृद्धि हुनेछ ।

६६. गाउँपालिका भित्र सञ्चालनमा रहेका लघु घरेलु, साना उद्योग, कृषि, पशु फर्महरुको सीप क्षमता विकासमा जोड दिइ संस्थागत उद्योग प्रवद्र्धन गरी बैदेशिक रोजगारीलाई निरुत्साहन गर्न अभिप्रेरित गरिनेछ ।

६७. व्यवसायिक सीप विकास मार्फत गाउँपालिकामा पहिचान भएका उद्यमिहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडलमा नयाँ लघु, घरेलु उद्यमी सृजना गरि सम्भाव्य उत्पादनका लागी प्रविधि हस्तान्तरण गरिनेछ । नयाँ लघु उद्यमीहरुको आवश्यक्ता र पहिचानको आधारमा सीप विकास तालिम प्रदान गरि स्थानीय स्तरमा रोजगारीको सृजना र विकासमा टेवा पुऱ्याइनेछ ।

६८. उमाकुण्ड गाउँपालिका भित्र रहेका स्थानीय श्रोत तथा साधनमा आधारित गरिविको रेखामुनी रहेका नागरिकहरुको आर्थिक स्तर बृद्धि तथा सीप क्षमताको विकास गर्न स्थानीय स्तरमा लघु उद्यमहरुको स्थापना गरी न्यून आय भएका, उद्यम व्यवसाय गर्न चाहने नागरिकहरुका लागि वडा स्तरमा उद्यमशिलता विकासको माध्यमवाट मेडपा मोडलमा लघु उद्यमहरुको स्थापना र विकास गरिनेछ ।

६९. उमाकुण्ड गाउँपालिका भित्र सञ्चालनमा रहेका उत्पादनमूलक लघु, घरेलु तथा साना उद्योगहरुमा उपयुक्त प्रविधिको प्रयोगलाई जोड दिइनेछ । जसवाट उत्पादनमूलक वस्तुको गुणस्तरमा बृद्धि गरी लागत मूल्य घटाइ उत्पादन विक्रिलाई बृद्धि गरिनेछ ।

७०. सहकारी संस्थामा हुने गतिविधिहरुलाई ऐन, नियम, नियमावली बमोजिम गराउन सहकारी संस्थाहरुको क्षमता विकास गरिनेछ ।

जसमा सहकारी लेखा व्यवस्थापन सम्वन्धी सीप क्षमताको विकास गराइनेछ ।

७१. गाउँपालिकामा स्थापना भई सञ्चालनमा रहेको सवै खाले सहकारीको नियमन/अनुगमन गरि जनताको लगानी सुरक्षाको सुनिश्चितता गरिनेछ । स्थापना भई निष्क्रिय रहेको सहकारीहरुको सक्रियताको लागी आवश्यक पहल गरिनेछ ।

७२. अत्यावश्यक वस्तु तथा सेवामा पहुँच नपुगेका, न्यून आय भएका, विपन्न उपभोक्ताहरुको सुविधा र राहतको लागी सहकारीतामा आधारित एक वडा एक सुपथ मुल्य पसल सञ्चालन गर्ने नीति अघि बढाईनेछ । यसमा उपर्युक्त उद्धेश्य सहित उमाकुण्ड गाउँपालिकामा स्थापना भएको सहकारीहरुको खोजी गरिनेछ ।

७३. सहकारीमा लगानी गर्ने उमाकुण्ड बासीको लगानीको सुरक्षाको लागी सहकारी संस्थाहरुलाई जिम्मेवार बनाईनेछ । सहकारी संस्थाहरुप्रतिको नागरिकको गुनासो सुनुवाई गर्न आवश्यक संरचना निर्माण गरिनेछ । पालिका भित्र कार्यक्षेत्र रहेका सवै प्रकृतिका सहकारी सस्थाले नियमानुसार विवरण पेश नगरी ढिला गरेका सहकारी संस्थाहरुलाई कानूनी दायरामा ल्याइनेछ । सहकारी संस्थाका सदस्यहरुको हित विपरित कार्य गरेका सहकारी संस्था वा वैधानिक तवरले सञ्चालनमा नरहेका सहकारी संस्थाहरुलाई नियमानुसार सञ्चालन हुन आग्रह गरिनेछ साथै नियमानुसार सञ्चालन नगरी अटेर गर्ने सहकारी संस्थाहरुलाई खारेजी प्रकृयामा लगिनेछ ।

७४. उमाकुण्ड गाउँपालिका भित्र रहेका सम्पुर्ण सहकारी तथा वित्तीय संस्थाहरुको संस्थागत विकास गरी पालिका भित्र क्रियाशिल सहकारी संस्था तथा वित्तीय क्षेत्रमा सोवा प्रवाह गरिरहेका संस्थाहरुवाट गरिने

सेवा प्रवाह र सुचना अध्यावधिकलाई प्रभावकारी रुपमा कार्यान्वयन गराई एकरुपता कायम गरिनेछ ।

७५. पहिचान भएका राजश्वका श्रोत, दायरा र दर अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ। राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्ने वडा तथा कार्यालयलाई बजेट विनियोजनमा सूचकको रुपमा राखी सोही आधारमा बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

७६. राजश्व परिचालन सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ। गाउँपालिकाले आय ठेक्काको वन्दोवस्ति गरि आन्तरिक आय बढाउने तर्फ विशेष पहल गर्ने छ ।

७७. आन्तरिक आय वृद्धिको लागि करको दायराको खोजि गरिने छ ।करको दर बढाउने कार्यलाई निरुत्साहित गरि दायराको खोजी गर्ने नीति लिईने छ ।

७८. तहगत सरकार र अन्य संघसंस्थाहरुसँगको सहकार्यमा सफा, सुरक्षित र स्वच्छ खानेपानीमा सबै पालिकाबासीको सहज पहुँच विस्तार गर्न खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ।

७९. टोल विकास संस्था गठनलाई प्रवर्द्धन गरी टोलस्तरमा सरसफाई तथा जनचेतनामूलक कार्यक्रममा परिचालन गरी सरसफाई सम्बन्धी नीति र आचारसंहिता पालना नगर्ने व्यक्ति, समूह, टोललाई कानून बमोजिम कारबाहीको दायरामा लिइनेछ।

८०. स्थानीय भाषा, कला, संस्कृतिको पहिचान, अध्ययन, संवर्द्धन, संरक्षण, विकास र प्रचारप्रसारका लागि साँस्कृतिक प्रतियोगिता, सामग्री खरिद तथा संरक्षण जस्ता कार्य अगाडि बढाइनेछ।

८१. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चित गर्दै लैंङ्गिक समता र समानता, सशक्तीकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ।

८२. लघुउद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ।

८३. नीति, निर्णय र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चितताका लागि बजेट तथा योजना तर्जुमामा प्रतिशत निर्धारण गरेर अनिवार्य लक्षित वर्ग योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था गरी त्यस्ता कार्यक्रम कार्यान्वयन गर्दा लक्षित वर्ग अधिकतम प्रत्यक्ष लाभान्वित हुने गरी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

८४. सामाजिक समावेशीकरण तथा लैङगिक हिंसा न्यूनिकरण सम्बन्धी नीति तर्जुमा र लैङ्गिक हिंसा तथा लिङ्गको आधारमा गरिने भेदभावलाई शून्यमा झार्ने नीति अङ्गिकार गर्दै महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरुको तथ्याङ्क संकलन तथा अद्यावधिक गरी योजना तथा कार्यक्रम ल्याइनेछ।

८५. लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा सामाजिक समावेशीकरण डेस्क स्थापना गरि सञ्चालन गरिनेछ ।

८६. बालबालिकाको हकहित संरक्षणका साथै शारीरिक, मानसिक तथा संवेगात्मक लगायत हरेक क्षेत्रमा क्षमता विकासका लागि हरेक चरणमा अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिने छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७८ तथा राष्ट्रिय रणनीति

कार्यान्वयन गर्दै गाउँपालिकालाई बालश्रममुक्त पालिका घोषणा गरिनेछ ।

८७. समाजमा रहेका बालश्रम, बालबिवाह, बहुविवाह, दाइजो, बोक्सी, जस्ता हानिकारक अभ्यास र लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ।

८८. सेवा प्रवाहका क्रममा अतिविपन्न, अशक्त, ज्येष्ठ नागरिकहरुलाई प्रमाणपत्रका आधारमा सेवा शुल्क वापतको कुनै पनि रकम नलिने नीति अगाडी बढाइनेछ ।

८९. सरकारी तथा गैरसरकारी कार्यालयहरुसँगको साझेदारीमा दलित समुदायले परम्परादेखि अवलम्बन गर्दै आएका पेसाहरुलाई व्यवसायीकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ। सामाजिक रुपमा बहिष्करण र बञ्चितिकरणमा परेका व्यक्तिहरुलाई मापदण्ड बमोजिम सामाजिक संरक्षण तथा सुरक्षाको कार्यक्रम ल्याइनेछ।

९०. नेपाल सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिकाभित्र सिंचाईका सम्भावना भएका क्षेत्रहरु पहिचान गरी पोखरी सिंचाई, स्प्रिङ्कल सिंचाई, ठूला सिंचाई आयोजना मार्फत सिंचाई सुविधा बढाई उत्पादन वृद्धिमा जोड दिइनेछ।

९१. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ सम्पन्न हुन बाँकी झोलुङ्गेपुलहरु सम्पन्न गर्ने र नयाँ स्थानहरुमा झोलुङ्गे पुल निर्माण कार्य अगाडि बढाई खोलानालाको कारण जनधनको क्षति न्यूनीकरण र आवतवाजत सहजीकरण गरिनेछ।

९२. शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा तर्जुमा गरी भवन निर्माण नक्सा पूर्वस्वीकृति

कडाइका साथ कार्यान्वयन गरिनेछ। सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण बस्तीलाई व्यवस्थित बसोबासयुक्त गतिशिल शहरमा रुपान्तरण गरिनेछ।

९३. गाउँपालिकाको केन्द्र जोड्ने सडक कालोपत्रे गर्ने काम, सबै वडाहरूलाइ छोटो दुरीमा जोड्ने मध्यमार्गी सडक र वडा वडामा जाने मूख्य सडक मर्मत संभार र स्तरोन्नति गर्ने कामलाइ उच्च प्राथमिकता दिइने छ ।

९४. विद्युतको पहुँच नपुगेका सबै घरधुरीमा ऊर्जामा पहुँच सुनिश्चिताका लागि आवश्यक समन्वय, सहकार्य र साझेदारी गरिनेछ। निर्माणाधिन जलविद्युत आयोजनहरुको काम समयमा नै सम्पन्न गर्ने गरि आवश्यक सहयोग र समन्वय गरिनेछ ।नागरिक र जलविद्युत आयोजनाहरु बिच बेलाबेलामा सृजना हुने अन्तरविरोध हल गर्न बिशेष छलफल कार्यक्रमको आयोजना गरिनेछ ।

९५. वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी वनजन्य उत्पादन अभिवृद्धिमा टेवा पुऱ्याइनेछ। सामुदायिक वन विकास कार्यक्रम, निजी वन विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सम्बन्धीत सरकारी तथा गैरसरकारी कार्यालयहरुसँग समन्वय गरिनेछ।

९६. जलवायुमैत्री तथा वातावरणमैत्री पूर्वाधारमा जोड दिएर जैविक विविधताको संरक्षण, संवर्द्धन तथा जलवायु अनुकूलन मार्फत पर्यापर्यटनको प्रवर्द्धनमा जोड दिइनेछ ।

९७. स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा ढल व्यवस्थापनमा विशेष ध्यान दिईनेछ। घना वस्तीहरुको ढल व्यवस्थापन सम्बन्धी आयोजना

सञ्चालन गरिनेछ। आफूले गरेको फोहरको व्यवस्थापन आफै गर्नुपर्ने अन्यथा व्यवस्थापनका लाथि थप शुल्क व्यहोर्नुपर्ने नीति अवलम्बन्ध गरिनेछ।

९८. प्राकृतिक प्रकोपका कारण राहत, उद्दार तथा जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रकोप व्यवस्थापन कोषलाई वृद्धि गरिनेछ। खोज, उद्धार, राहत, पुनर्स्थापना कार्यलाई योजनावद्ध व्यवस्थित गर्न पालिका तथा समुदायस्तरसम्म द्रुत प्रतिकार्य टोली गठन गरि टोलिलाई आवश्यक सामग्री सहित तयारी अवस्थामा राखिनुका साथै विपद् व्यवस्थापन सूचना केन्द्रको रुपमा स्थानीय आपतकालीन केन्द्रको स्थापना तथा सुदृढीकरण गरिनेछ।

९९. राहत, उद्धार र पुनर्स्थापनाको लागि दक्ष जनशक्ति निर्माणको लागि आवश्यक व्यवस्था मिलाईने छ ।

१००. कुनै पनि प्राकृतिक तथा मानवीय कारणबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापन क्षमतालाई अभिवृद्धि गर्नुका साथै पूर्व सूचना प्रणाली विकास तथा स्थापनामा जोड दिइनेछ। विपद् व्यवस्थापनका लागि वडास्तर र पालिकास्तरमा सञ्चालन हुने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०१. हरेक निर्माण तथा पूर्वाधार विकासमा विपद् जोखिम आँकलन गरेर प्रकोप न्यूनीकरणका माध्ययमबाट कार्यान्वयन गर्नुपर्ने नीति कार्यान्वयन गरिनेछ ।

१०२. गाउँपालिकामा हाल उपलब्ध जनशक्तिलाई उच्च मनोबलका साथ आफ्नो योग्यता र क्षमता भरपूर सदुपयोग गर्ने र क्षमता विकास गर्ने वातावरण मिलाइनेछ। कार्यालय र जनशक्तिलाई साधन र स्रोतले सुसज्जित गराई गुणस्तरीय सेवा प्रवाहमा जोड दिइने छ।

१०३. अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन हुने खालका अध्ययन, भ्रमण कार्यक्रमहरु ल्याइनेछ। विनियोजन कुशलता र खर्च गर्ने क्षमता अभिवृद्धिमा जोड दिइनेछ । सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ।

१०४. सरकारी तथा गैरसरकारी निकायका बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रमसँग दोहोरिन नदिन वार्षिक विकास कार्यक्रममा आवद्ध हुने गरी कार्यान्वययन गर्ने व्यवस्था मिलाइनेछ।

१०५. वित्तीय सुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुत र आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाइनेछ। वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना निर्माण गरि सोहि बमोजिम सार्वजनिक खरिद प्रणालीलाई चुस्त दुरुस्त र सुशासनयुक्त बनाइनेछ।

१०६. जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुका साथै संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि प्रोत्साहन, प्रवर्द्धन र पुरस्कारका साथै तालिमको पनि व्यवस्था गरिनेछ।

१०७. न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास तालिम, मेलमिलापकर्ता उत्पादन तथा पुनर्ताजगी तथा संस्थागत सक्षमतामा वृद्धि गरी न्यायिक निरुपण र मेलमिलाप प्रबर्द्धन गर्न, पीडितलाई न्याय दिलाई सामाजिक मेलमिलाप कायम गर्न न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुको सुदृढीकरणमा जोड दिइनेछ।

१०८. स्थानीय मेलमिलापकर्ताहरुलाई कार्य सम्पादनमा गुणस्तर वृद्धि गर्नका लागि क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी मेलमिलाप केन्द्र व्यवस्थापनमा जोड दिदै मेलमिलापकर्ताहरुका लागि प्रोत्साहन मुलककार्यलाई प्राथमिकता दिईनेछ ।

१०९. न्यायिक समिति, स्थानीय मेलमिलाप केन्द्र साथै कानूनी विषयमा सर्वसाधरणलाई जानकार तथा सचेत गराउनका निम्ति वडास्तरमा सचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ।

११०. न्यायिक समितिको जिम्मेवारी/क्षेत्राधिकार अर्न्तगत रहेका सम्पुर्ण कार्यहरुलाई प्रकृयागत ढंगबाट सम्पादन गर्ने कार्यलाई विशेष जोड दिईनेछ ।

१११. न्यायिक समितिको कार्यसम्पादनमा थप प्रभावकारीता वृद्धि गर्नका लागि सम्बन्धित सरोकारवालाहरुसँग सहयोग, सहजीकरणका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११२. गुणस्तरीय सेवा प्रवाहका लागि सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेसागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ। जनताको नजिकको सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवालाई चुस्त दुरुस्त र प्रभावकारी बनाइनेछ।गाउँपालिकाबाट प्रवाह हुने सेवालाइ नागरिक मैत्री बनाइनेछ ।

११३. वडा कार्यालयबाट हुने गरेका सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धी कार्यको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने र समीक्षा गर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ।

११४. सूचना तथा अभिलेख केन्द्रको स्थापना र सुदृढीकरण गरी विज्ञान-प्रविधि, अध्ययन-अनुसन्धान तथा विकास, सीप तथा सीपमूलक तालिमको नियमन, डिजिटल साक्षरताका साथै मिडिया साक्षरता कार्यक्रम तथा डिजिटल अभिलेखीकरण कार्यक्रममार्फत विद्युतीय सरकारको अवधारणामा टेवा पुऱ्याइनेछ।

११५. अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउदै महत्वपूर्ण तथ्याङ्कको भण्डारणका लागि स्थापित सर्भरमा डिजिटल कन्टेन्ट सुरक्षित गरी राखिनेछ। गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा प्रवाहको पूर्वाधार तयार गरी डिजिटल गाउँपालिकामा रुपान्तरण गर्ने योजना अगाडि बढाइनेछ।

११६. स्थानीय पञ्जिकाधिकारीको कार्यालयलाई साधन स्रोत सम्पन्न बनाई वडास्तरबाट घटना दर्ता सप्ताह अभियानमार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई सहज र प्रभावकारी बनाइनेछ ।

११७. सूचनाको हकलाई प्रवर्द्धन गर्न, गुनासो सुनुवाईलाई प्रभावकारी बनाउन प्रवर्द्धनात्मक कार्यक्रम ल्याइनेछ।

११८. स्वतः प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि र पद्धति बमोजिम कार्यान्वयनमा ल्याईनेछ।

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानमा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले व्यवस्थापकीय, कार्यपालिकीय तथा न्यायिक अधिकार

कार्यान्वयनको अभ्यास गर्दै उमाकुण्ड गाउँपालिकाको समृद्धिको आधारको खोजि गरि यो नीति तथा कार्यक्रम यो गरिमामय सभा समक्ष पेश गरेको छु ।यो नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आम उमाकुण्ड गाउँपालिकाबासी दाजु भाइ दिदी बहिनीहरुको सकारात्मक सहयोग र सल्लाह सुझाव प्राप्त हुने विश्वासको साथ गाउँपालिकाको विकास र समृद्धिमा विभिन्न माध्यमबाट साझेदारी गर्नुहुने सबै सरोकारवाला पक्षहरुमा हार्दिक आभार व्यक्त गर्दछु। धन्यवाद !

**शेर बहादुर सुनुवार**
**गा.पा. अध्यक्ष**
**१० असार २०८२**